# बागमती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

झुरझुरे, मकवानपुर

बागमती प्रदेश, नेपाल

☎९८५५०७२०७२
☎९८५५०८८४६६


पत्र संख्या : २०७८/७९
चलानी नं. १२३१

मिति : २०७८/१०/२६

विषय : प्रस्ताव पेस गर्ने सम्बन्धमा ।

श्री सबै सामुदायिक विद्यालयहरु,
बागमती गाउँपालिका, मकवानपुर ।

प्रस्तुत विषयमा आ.व. २०७८/०७९ को विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गतको स्वीकृत शसर्त अनुदान तर्फको वार्षिक कार्यक्रम विद्यालयमा शैक्षिक गुणस्तर सुद्रिधिकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानका तपसिल बमोजिमका कार्यक्रमहरुको कार्यन्वयनका लागि यसै पत्रसाथ संलग्न तोकिएको ढाँचामा आवश्यक कागजात सहित मिति २०७८/११/१३ गतेभित्र यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा प्राप्त हुने गरी प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबै सामुदायिक विद्यालयहरुलाई अनुरोध छ । तोकिएको मिति पछि प्राप्त हुने प्रस्ताव उपर कुनै कारबाही नहुने व्यहोरा यसै पत्र मार्फत जानकारी गराइन्छ ।

( रामप्रसाद सापकोटा )
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

| क्र.सं. | कार्यक्रमहरु | परिमाण | इकाई लागत | प्रस्ताव पेस गर्न सकिने | कैफियत |
|---|---|---|---|---|---|
| १. | तोकिएको सुचांकको आधारमा कार्यसम्पादन गर्ने विद्यालयहरुलाई कार्य सम्पादनका आधारमा आधारित अनुदान (छनोट भएका विद्यालय) | ५ | प्रति विद्यालय वार्षिक रु. ५० हजार | सबै सामुदायिक विद्यालयहरु | |
| २. | माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान (फर्निसिङ, किताब खरिद तथा ई-पुस्तकालय समेत) (छनोट भएका विद्यालय) | १ | प्रति विद्यालय वार्षिक रु.६ लाख ५० हजार | मावि तहले मात्र | |
| ३. | शिक्षण सिकाइमा ICT को प्रयोग (कम्प्युटर, इन्टरनेट कनेक्टिभिटी इक्युपमेन्ट खरिद तथा kits खरिद) (छनोट भएका विद्यालय ) | १ | प्रति विद्यालय वार्षिक रु.६ लाख ५० हजार | आधारभूत तह (६-८) र मावि तहले मात्र | |
| ४. | माध्यमिक विद्यालय विज्ञान प्रयोगशाला अनुदान (छनोट भएका विद्यालय ) | १ | प्रति विद्यालय वार्षिक रु.६ लाख ५० हजार | आधारभूत तह (६-८) र मावि तहले मात्र | |
| ५. | उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढिकारण अनुदान (छनोट भएका विद्यालय) | १ | प्रति विद्यालय वार्षिक रु. २ लाख | आधारभूत तह (६-८) र मावि तहले मात्र | |


Email : Bagmatimunmakwanpur.edu@gmail.com
Website : www.bagmatimunmakawanpur.gov.np

बागमती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झुरझुरे , मकवानपुर
बागमती प्रदेश , नेपाल
☎९८५५०७२०७२
☎९८५५०८८४६६

पत्र संख्या : २०७८/७९
चलानी नं. १३३१

मिति : २०७८/१०/२६

| क्र.सं. | कार्यक्रमहरु | परिमाण | इकाई लागत | प्रस्ताव पेस गर्न सकिने | कैफियत |
|---|---|---|---|---|---|
| ६. | नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान | १ | १ करोड | नमुना छनोट भएको विद्यालय | |
| ७. | नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यन्वयनका लागि कार्यसम्पादनमा आधारित अनुदान | १ | ५० लाख | नमुना छनोट भएको विद्यालय | |
| ८. | प्राविधिक धार संचालित विद्यालयका लागि कक्षा ११ स्तरोन्नति ल्याव सामग्री व्यवस्थापन अनुदान | १ | ९ लाख | प्राविधिक धार संचालित विद्यालय | |

**प्रस्तावनाका साथ संलग्न गर्नुपर्ने कागजातहरु :**

१. प्रस्ताव सम्बन्धमा वि.व्य.स.को निर्णय तथा विद्यालयको लेटरप्याड माग पत्र ।
२. प्रस्ताव पेश भएको कार्यक्रम अघिल्ला वर्षहरुमा कुनै निकायबाट प्राप्त नगरेको व्यहोराको विद्यालयको पत्र ।
३. तोकिएको ढाँचामा प्रस्तावना ।

(नोट : माथि उल्लेखित कार्यक्रमहरु गत आ.व. मा शि.वि.स.तथा स.इ./गाउँपालिका तथा अन्य संघ/संस्थाबाट हालसम्म प्राप्त नगरेका, कार्यक्रमको लागि आवश्यक भौतिक पूर्वाधार भएका, विद्यार्थी संख्या धेरै भएका तथा कार्यक्रम कार्यन्वयन पुस्तिका आ.व.२०७८/७९ ले निर्धारण गरेको मापदण्डका आधारमा प्रस्ताव पेस गर्ने विद्यालयहरुलाई प्राथमिकीकरणमा राखिने छ। साथै प्रस्ताव गरिने कार्यक्रमहरु शै.स. २०७८ को विद्यालय सुधार योजनामा समेत उल्लेख भएको हुनु पर्ने छ।)

प्रमुख प्रशासकीय अधिकृत

Email : Bagmatimunmakwanpur.edu@gmail.com
Website : www.bagmatimunmakawanpur.gov.np

# कार्यक्रम प्रस्तावको ढाँचा

१. **विद्यालयको विवरण :** ( विद्यालयको संक्षिप्त विवरण ,विद्यालयको भौतिक तथा तहगत विद्यार्थी र शिक्षकको विवरण)

२. **विद्यालयको शैक्षिक अवस्था :**

३. **कार्यक्रमको विवरण :**

क) कार्यक्रमको नाम :

ख) कार्यक्रमको पृष्ठभूमि : ( उदेश्य/आवश्यकता/ औचित्य सहित)

ग) सम्पादन गर्नु पर्ने मुख्य कामहरु :

घ) कार्यक्रमबाट प्राप्त हुने अपेक्षित उपलब्धि :

ङ) कार्यक्रम सम्पन्न गर्ने कार्ययोजना :

| क्र.सं. | क्रियाकलाप | कार्यन्वयन विधि/प्रक्रिया | समयावधि | जिम्मेवारी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

च) प्रस्तावित बजेट : (माग गरिएको रकम तथा विद्यालयको आन्तरिक स्रोतबाट व्यहोरिने रकम समेत)

४. **कार्यक्रम प्राप्तिका आधारहरु :**

क) पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान (फर्निसिङ, किताब खरिद तथा ई-पुस्तकालय

- पुस्तकालयको लागि छुट्टै कोठाको व्यवस्था भए/ नभएको
- आवश्यक फर्निचरको व्यवस्था भए/नभएको
- इन्टरनेट कनेक्टिभिटी व्यवस्था भए/ नभएको (उपलब्ध भए इन्टरनेटको ब्याण्डवीथ र क्षमता )
- पुस्तकालय हेर्ने शिक्षकको व्यवस्था भए/नभएको
- विद्युतको आपूर्ति भए/नभएको

**ख) शिक्षण सिकाइमा ICT को प्रयोग (कम्प्युटर, इन्टरनेट कनेक्टिभिटी इक्युपमेन्ट खरिद तथा kits :**

- कम्प्युटर ल्याबको लागि छुट्टै कोठा व्यवस्था भए/नभएको
- आवश्यक फर्निचरको व्यवस्था भए/नभएको
- इन्टरनेट कनेक्टिभिटी व्यवस्था भए/ नभएको (उपलब्ध भए इन्टरनेटको ब्याण्डवीथ र क्षमता )
- विद्यालयमा सूचना प्रविधिको ज्ञान भएको शिक्षकको व्यवस्था भए/नभएको

**ग) विज्ञान प्रयोगशाला :**

- विज्ञान प्रयोगशालाको लागि छुट्टै कोठाको व्यवस्था भए/ नभएको
- आवश्यक फर्निचरको व्यवस्था भए/ नभएको
- विज्ञान विषयको शिक्षक भए/नभएको

**घ) कार्य सम्पादनका आधारमा आधारित अनुदान :**

- अनुदान व्यवस्थापन निर्देशिका, २०७४ को अनुसूची – ३ मा उल्लेखित कार्य सम्पादन मुल्यांकन बमोजिमको प्रमाणित कार्यसम्पादन फारम।
- कार्यसम्पादन मूल्यांकनका विभिन्न शीर्षकहरुसंग सम्वन्धित कार्य विवरणको प्रमाणित प्रतिलिपि।

**ङ) उत्कृष्ट सिकाइ उपलब्धि भएका विद्यालयलाई सिकाइ सुदृढिकारण अनुदान :**

- गत शैक्षिक वर्षको कक्षा ८, १० र १२ को परीक्षाको नतीजा विवरण, शिक्षक, विद्यार्थी संख्या तथा उपस्थिति दर, सिकाइ उपलब्धी, विद्यार्थी कक्षा छाड्ने दोहोर्याउने दर, विद्यालय बाहिरका बालबालिकाको आवस्था सहितको विवरण